स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनयमा स्थापित कलाकारहरु निर्देशक बनेका उदाहरण विश्वमा धेरै छन् । तर, निर्देशकहरू भने विरलै अभिनयमा उत्रिएका छन् । अब यस दुर्लभ सूचीमा निर्देशक राजन भुसाल थपिने भएका छन् । 'एक्टर टेक वन'बाट निर्देशकीय यात्रा सुरु गरेका उनले 'जिरो डिग्री'मार्फत अभिनयमा डेब्यु गर्न लागेका हुन् । भुसाल यस फिल्मका कथाकार समेत हुन् । 'जिरो डिग्री'को निर्देशन भने सजन काफ्ले र आकाश बरालले संयुक्त रूपमा गर्दैछन् ।

**आजको विचार...**



बचत...
(दुई पेजमा)

चन्द्र प्रसाद ढकाल



गायिकाद्वय कला लम्साल र एलिना चौहानबिचको विवाद साम्य हुने कुनै संकेत देखिएको छैन । दुबैले एक अर्कालाई विभिन्न आरोप लगाइरहेका छन् । यसै क्रममा लम्सालले आज सामाजिक सञ्जालमार्फत चौहानमाथि दर्जनौं प्रश्न उठाएकी छिन् । अन्तरवार्ताको क्रममा आफ्नो सिक्री लगाएर आफैलाई गाली गरेको प्रसङ्गमा चौहानको नाम नलिए पनि चौहानका समर्थक निरन्तर आफूमाथि खनिएको आरोप लगाएकी छिन् । उनले चौहानलाई प्रश्न गर्दै भनेकी छिन् ।

❐ वर्ष ३१ अंक १४८ ❐ २०८२ पुस १० गते बिहीबार 25 December 2025, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# सिद्धबाबा सुरुङमार्ग : ६५ प्रतिशत काम सकियो

## कामलाई तीव्रता दिन मन्त्री घिसिङको निर्देशन

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पुस ९/राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको निर्माणधिन सिद्धबाबा सुरुङमार्गको काम ६५ प्रतिशत मात्रै सकिएको छ । अहिलेसम्म १५१, १६१ र १३० मिटर लम्बाइ भएका तीन वटा पाइपास सुरुङको निर्माण कार्य सकिएको सिद्धबाबा सुरुङमार्ग आयोजना कार्यालयले जनाएको छ । सुरुङमार्गसम्म पुग्ने पहुँच सडक, भीर संरक्षण कार्य, रिटेनिङवाललगायतका संरचना निर्माणाधिन छन् । सुरुङभित्रको पर्खाललाई कंक्रिट, सटक्रिट, ब्लक वा अन्य सामग्रीले छोप्ने काम भएको छ ।

केही दिन अघि ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्री कुलमान घिसिङले सुरुङमार्ग निर्माणस्थलको अनुगमन समेत गरेका छन् । उनले आयोजनाको अनुगमन गर्दै सुरुङमार्ग निर्माणको कामलाई तीव्रता दिन निर्देशन दिएका छन् उनले निर्माणलाई तीव्रता दिई तोकिएकै समयमा काम सम्पन्न गर्न सिद्धबाबा सुरुङमार्ग आयोजना र निर्माण व्यवसायीलाई निर्देशन दिएका हुन् । निर्माण व्यवसायीले विभिन्न बाहाना देखाएर म्याद थप गर्न माग गरेपछि उनले समयमै काम गर्न आग्रह गरे । मन्त्री घिसिङले आयोजना र निर्माण व्यवसायीबीच सम्पादन हुन बाँकी रहेका केही भए त्यसलाई तत्काल सहमति गरेर टुंग्याउन निर्देशन दिए । समयमै गर्नु पर्ने निर्णय नगरेका कारणले निर्माण कार्यमा कुनै पनि हालतमा ढिलाइ हुन नहुने उनको भनाई छ । निर्माण व्यवसायीले विभिन्न



कारण देखाउदै १९ महिना म्याद थप गर्न माग गरेको छ । बुटवल-तानसेन सडकखण्डको माथिल्लो सिद्धबाबा मन्दिरबाट एक हजार एक सय २६ मिटर सुरुङमार्ग २०७९ सालदेखि निर्माण सुरु भएको हो । यो आयोजनअन्तर्गत मुख्य सुरुङको 'ब्रेक थ्रु' भइसकेको छ । सुरूङमार्ग पाँच वर्षमा सक्नेगरी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाख ४० हजारको लागतमा सुरु गरेको काम २०८३ सालमा सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजना कार्यालयले जनाएको छ । सिद्धार्थ राजमार्गको तल्लो सिद्धबाबा मन्दिरबाट पाल्पाको दोभानसम्म अत्यधिक पहिरो झर्ने क्षेत्रअन्तर्गत पर्छ । सुक्खायाममा पनि धुले पहिरो खस्ने गरेकाले राजमार्गको यस खण्डलाई सुरक्षित बनाउन सुरुङमार्ग निर्माणको काम भइरहेको हो । नेपाल सरकारको आफ्नै स्रोतमा निर्माणाधीन यो सुरुङमार्ग सञ्चालनमा आएपछि सिद्धबाबा क्षेत्रमा बर्सेनि हुने पहिरो र ढुङ्गा खस्ने समस्याबाट यात्रुले मुक्ति पाउनेछन् ।

**संक्षिप्त समाचार**

## आसाममा भएको झडपमा दुईको मृत्यु



**(रासस/ सिन्ह्वा)**

**नयाँदिल्ली,** पुस ९/भारतको उत्तरपूर्वी राज्य आसाममा दुई आदिवासी समूह बिच भएको झडपमा कम्तीमा दुई जनाको मृत्यु हुनुका साथै ४० भन्दा बढी घाइते भएको स्थानीय प्रहरीले बुधबार पुष्टि गरेको छ । आसामको कार्बी आङ्लोङ जिल्लामा दुई लडाकु आदिवासी समूह बिच झडप भएको बताइएको छ । एउटा आदिवासी समूहले अर्को समूहका मानिसहरू बाहिरी भएको आरोप लगाए र उनीहरूलाई क्षेत्रबाट निष्कासन गर्न माग गरे । हिन्दुस्तान टाइम्सको एक अनलाइन रिपोर्ट अनुसार, प्रदर्शनकारीहरूको एउटा समूहले व्यावसायिक चरा आरक्ष र गाउँ चरा आरक्ष भूमिबाट कथित "अवैध बसोबास गर्नेहरू "लाई निष्कासन गर्न माग गर्दै विगत दुई हप्तादेखि भोक हडताल गरेको थियो । भिडले कार्बी आङ्लोङ स्वायत्त परिषद्का प्रमुख कार्यकारी सदस्य तुलिराम रोङ्हाङको घर जलाए, जसले गर्दा खेरोनी र डोङ्कामोकमसहित धेरै क्षेत्रमा अशान्ति फैलिएको जनाइएको छ । पछिल्ला केही दिन देखि हिंसात्मक घटनाहरूको श्रृङ्गलामा, विद्रोहि समूहका व्यक्तिहरूले कार्बी आङ्लोङमा विपक्षी समूहका मानिसहरूका धेरै पसलहरू जलाएको जनाइएको छ ।

## आज 'क्रिसमस डे', हर्षोल्लासका साथ मनाइँदै

**पाल्पा,** पुस ९/आज क्रिश्चियन धर्माबलम्बीहरूको महान पर्व क्रिसमस हर्षोल्लासका साथ मनाइँदैछ । नेपालमा पनि आज क्रिश्चियन धर्मावलम्बीहरूले विभिन्न कार्यक्रमको आयोजना गरी यो पर्व मनाइरहेका छन् ।




अङ्ग्रेजी क्यालेन्डर अनुसार हरेक वर्ष २५ डिसेम्बरमा येशु खिष्टको जन्मदिनको अवसर पारेर क्रिश्चियन धर्मालम्बीले क्रिसमस पर्व मनाउँदै आएका छन् । सन् ३५० देखि यो पर्व मनाउन सुरु भएको पाइन्छ । यस अवसरमा इसाई धर्मावलम्बीहरु चर्चमा भेला भएर जिसस क्राइस्टको पवित्र आत्माको प्रार्थना गर्छन् । इसाई धर्मगुरु जिसस क्राइस्टले मानव जातिको मुक्तिका लागि आहुति दिएको सम्झनामा क्रिसमस डे मनाउने गरिन्छ । 'क्रिसमस डे' को अवसरमा नेपाल सरकारले इसाई धर्मावलम्बीका लागि आज सार्वजनिक बिदा समेत दिएको छ । इसाई धर्मावलम्बीले खुसीयाली, उपहार र शुभकामना साटासाट गरी मनाउने यो पर्वको पूर्वसन्ध्यामा बुधबारदेखि पाल्पाको तानसेनमा रौनक छाएको छ । यहाँका विभिन्न चर्चहरुमा क्रिसमस इभ लक्षित विभिन्न कार्यक्रम समेत आयोजना गरिएका छन् । बजार र ठूला व्यापारिक स्थलमा क्रिसमस ट्री लगायतले सजाइएको छ । क्रिश्चियन धर्मावलम्बीले यस दिन सल्लाको रुख (क्रिसमस ट्री) लाई सजाएमा जीवनभरि हरियो हुने विश्वास गर्ने गरेका छन् । क्रिसमस ट्री जहिल्यै हरियो रुखमा विभिन्न किसिमका हिउँको थुप्रो जस्तो सेतो कपासले सजाइन्छ । क्रिसमस ट्रीमा बत्ती राखेर सजाउने गरिन्छ । यो प्राकृतिक र कृत्रिम दुवैमा सजाउने गरिन्छ । क्रिसमस ट्री सजाउने परम्परा १६ औं शताब्दीमा लिमोनिया र जर्मनीबाट आएको हो । केही इतिहासकारले क्रिसमसको समयमा सल्लाको रुखमा क्यान्डल, बत्तीले सजावट गरेमा स्वर्गसम्म पुग्ने विश्वास रहेको बताएका छन् । सल्लाको रुखको माथिल्लो भागमा स्वर्गदूत (परी) वा ताराले सजाइन्छ । जसले स्वर्गदूतले होस्ट गरेको अनुभव हुने धारणा पनि छ । डिसेम्बर २५ तारिखमा पर्ने इसाई धर्मावलम्बीको प्रमुख चाड क्रिसमस मनाउन अघिल्लो दिन राति 'क्रिसमस इभ' मनाउने चलन छ । क्रिसमसको ठूलो आकर्षण भनेको सान्टा क्लस हुन् । रातो टोपी लगायतका सेतो दाह्री, जुङ्गा भएको मोटोघाटो ठूलो शरीरको पादरीले सबैलाई उपहार दिने र खुशी बाँड्ने छन् भन्ने विश्वास छ । सान्टा क्लसले उपहार दिने प्रतिक्षामा आज धेरै केटाकेटीहरु रातिअबेरसम्म सुत्दैनन् । यसका साथै केही ब्यक्तिहरु सान्टा क्लसको भेषमा उपहार र कोसेली बाँड्दै, साँट्दै हिंड्ने गर्छ भने बालबालिका सान्टा क्लसको भेषमा रमाउने गर्छन् । पवित्र आत्माबाट गर्भवती भई कुमारी मरियमबाट जन्मिएका येशु खीष्टले तीन मुख्य खुसियाली दिएको पाइन्छ । उनले मुक्ति, प्रेम र शान्ति दिएको विश्वासमा क्रिश्चियन समुदायले आजको दिनलाई तीन वटै दिवसका रूपमा मनाउने गरेका हुन् । मानिसलाई प्रेम गरेर आएकाले प्रेम दिवस, शान्ति स्थापना गर्न आएकाले शान्ति दिवस र मुक्ति दिन आएकाले मुक्ति दिवसका रूपमा आजको दिनलाई मनाउने गरिएको पास्टरहरु बताउँछन् । विश्वका धेरै मानिसले मनाउने क्रिसमस डे नेपालमा भने विसं २०६३ पछि नेपाल खिष्टियन महासंघले महोत्सवका रूपमा मनाउन थालेको हो ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# 'क्रिसमस डे' को सन्दर्भ

क्रिसमस विश्वभरका इसाई धर्मावलम्बीहरूले इसा मसिह अथवा जिसस क्राइस्टको जन्मदिनको उपलक्ष्यमा मनाइने पर्व हो । यो २५ डिसेम्बरमा पर्छ र यस दिन लगभग सम्पूर्ण विश्वमा सार्वजनिक विदा दिइन्छ । आज देशभरका इसाई धर्मालम्बीहरुले क्रिसमस मनाउँदैछन् । 'क्रिसमस' अङ्ग्रेजी शब्दको क्राइस्ट मासबाट निकालिएको हो । जसको अर्थ नेपालीमा ख्रिस्टको भेला भन्ने जनाउँछ । क्रिसमस सबभन्दा पहिले ईपू ३३६ अर्थात् चौँथो शताब्दीमा इसाई रोमन सम्राट कान्सटेन्डटाइनको शासनकालमा सुरु भएको थियो । यसको केही वर्षपछि पोप जुलियसले आधिकारिक रूपमा इसा (येसु) ख्रिस्टको जन्म दिवसको अवसरमा २५ डिसेम्बरका दिन क्रिसमस डे मनाउने घोषणा गरिदिएका हुन् । बाइबलमा येसु ख्रिस्टको स्पष्ट जन्ममितिबारे कुनै निश्चित तारिखको कहीँकतै लिपिबद्ध भएको छैन तर पनि केही इतिहासकार तथा सम्बन्धित संस्थाहरुले यसै विषयलाई लिएर आ-आफ्नो धारणा भने राखेका छन् ।

'क्रिसमस' इसाईहरुको सबैभन्दा ठूलो पर्व हो । यो पर्व केवल इसाईहरुले मात्रै नभएर गैर इसाईहरुले समेत विभिन्न मनोरञ्जनात्मक कार्यक्रम गर्दै छन् । मानव समुदायले आफ्ना देवता, अगुवा अनि सम्माननीय व्यक्तित्वहरुको जन्मदिन व्यापक उत्साह अनि सद्भावका साथ मनाउँने गर्दछन् । हिन्दुहरुको महान पर्व दशैं, तिहार जस्तै इसाई धर्मलम्वीहरुले पनि महान पर्व क्रिसमस डेलाई लिने गर्दछन् । नेपालमा विभिन्न जातजाति, भाषा, धर्म मान्ने मानिसहरुको बसोबास रहेको छ । त्यसमध्ये आज इसाई धर्मका अनुयाईहरूले हसोल्लासका साथ क्रिसमस मनाउँदै छन् ।

इसाई धर्मलम्वीहरुले चर्चमा गई ईश्वरको पूजा गर्ने, साथीसंगीहरूसँग शुभकामना आदान-प्रदान गर्ने, नयाँ लुगा लगाउने, मिठो खाना खाने, घुम्न जाने, गीत, भजन्, नृत्यसहित क्यारोल खेल्दै क्रिसमस पर्व मनाउने गर्छन् । नजिकै जङ्गल हुने समुदायमा घरका पुरुषहरु जङ्गल गएर ठूला रुखका मूडाहरु काटेर ल्याउँने र आगनमा बालेर यो पर्व मनाउँने गरिन्छ । इस्वि संवतका अनुसार हरेक वर्षाको डिसेम्बर २५ लाई क्रिसमसका रुपमा मनाइन्छ भने केही देशहरुले डिसेम्बर २४ मा पनि मनाउँने गर्दछन् । क्रिसमसको ठूलो आकर्षण भनेको सान्टा क्लस हुन्, रातो टोपी लगाएका अनि सेतो दाह्री, जुङ्गा भएको मोटोघाटो ठूलो शरीरको साधूले सबैलाई उपहार दिने र खुशी बाँड्ने जनविश्वास रहेको छ । हाम्रो देशमा दिगो शान्ति र विकासका लागि आध्यात्मिक चिन्तन अपरिहार्य भइसकेको छ ।

## Opinion @ Socia Network

गुलाबको फूल भन्दा पनि तुल्सीको बोट
झैं बनाउनु छ जिन्दगी जसलाई रोज्न होइन खोज्न परोस् ।
(गंगा घर्तिको **फेसबुक स्टाटसबाट** *www.facebook.com/Ganga.Gharti*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बचत तथा ऋण सहकारी अभियान : अपेक्षा र यथार्थ



चन्द्र प्रसाद ढकाल

> *सरकारले सहकारीलाई निजी वा गैरसरकारी संस्थालाई हेर्ने आँखाबाट हेरेर व्यवस्थापन गर्न खोजेको छ, ।*

समुदायको वित्तीय सहयात्रीका रूपमा बचत तथा ऋण सहकारी स्थापित भएको सिद्ध भएको छ । पुग नपुग चार दशकको अभियान सुदृढ बन्दै गएको छ । नयाँ-नयाँ समस्या र नयाँ-नयाँ समाधान पनि विकास हुँदै गएका छन् । बचत तथा ऋण सहकारीको संख्या धेरै छ । समस्या पनि धेरै छ । सोचेका, नसोचेका समस्याहरू छन् । सहयोग पनि सरोकारवालाहरूको रहेको छ । चार दशकको इतिहासमा चारवटा त ऐन नै सहकारीका नाममा आएका छन् । नियमावली तथा निर्देशनहरू वृहत छन् । अभ्यासहरूले पनि धेरै कुरा सिद्ध गरेको छ । बचत तथा ऋण सहकारी अभियान आज सशक्तताको यात्रामा निस्किएको छ । टोल टोलमा बचत तथा ऋण सहकारी छ । भूकम्प, कोभिड, आर्थिक मन्दी आदि झेलेर यो अभियान आजको अवस्थामा आएको छ । बचत तथा ऋण सहकारीहरूलाई सहकारी सिद्धान्तले दिशा बोध गरेको छ । संविधानले सहकारीलाई आर्थिक व्यवस्थाको फरक स्वरूपमा स्वीकार गरेको छ । ऐनमा पनि वृहत व्यवस्था छ । जनताले पनि यसलाई स्वीकार गरेको देखिन्छ । सजिलो, असजिलो सबै सन्दर्भमा बचत तथा ऋण सहकारी समुदायको वित्तीय साथी बनेको छ र आधुनिक समाजमा आर्थिक प्रणालीको आधारका रूपमा स्थापित हुँदै गएको छ ।

**संस्थागत विकास :** बचत तथा ऋण सहकारीहरूको स्थापना चार दशकअघि भए पनि संस्थागत विकासमा सरकारमा बस्नेहरूको सोच तथा अभियानकर्मीहरूको कार्यक्षमताले र योजनामा परेको प्रभावका कारण संस्थागत, ढाँचा, नीतिगत व्यव्स्था र विकासको गतिमा विविधता आयो । खुल्ला र बन्द दुबै अर्थ व्यवस्थामा सहकारी देखियो र सीमान्तकृत समुदायसँग नै सहकारी रहेको पाइयो । जब-जब सहकारीमा शक्तिका पुजारी, पैसाका मालिक र राजनीतिका खेलाडीको भूमिका बढ्यो, सहकारिता कमजोर बनेको अनुभव गरियो । सहकारी जनताको संगठनका रूपमा नै राम्रो भएको पाइयो । सहकारीले राज्यको दायित्व वा निजी क्षेत्रको नाफाको विधिभन्दा पनि मौलिक सहकार्य, अरुको हेरचाह वा एकका लागि सबै र सबैका लागि एकको अवधारणामा नै सफल भएको पाइयो । समुदायले खुल्ला अर्थव्यवस्थाको सहकारीमा जन्मदेखि मृत्युसम्म भूमिका देख्यो । वित्तीय सहयात्रीका रूपमा सुदृढीकरणका लागि योगदान गरेका कारण आजको अवस्थासम्म आयो । अपेक्षित नभए पनि समुदाय स्तरमा सहकारीहरूको संस्थागत विकास अरु सामुदायिक संस्था भन्दा राम्रो भयो र भइ रहेको पनि छ । समाज सहकार्यका लागि बन्छ र सहकार्यबाट नै सहकारी जन्मिन्छ । आज समाज जस्तो छ, सहकारी पनि उस्तै छ । सहकारीको संस्थागत विकासमा सरकार, समुदाय तथा सञ्जालको अवश्य नै महत्वपूर्ण भूमिका छ । सहकारीमा आधुनिकरूपमा सहकार्यको संस्थागत स्वरूप विकास भयो । राज्यको लगानी विना सहकारीहरू सबल र सुदृढ बन्दै गए । स्वार्थी मानिसहरूले सहकारीका नाममा छदम भेषमा चलाएका सहकारीहरू आज समस्यामा पनि परे । सदस्यहरूको बचत फिर्ता हुन सकेन । जीवनको आशको दीप निभ्यो । सरकार मूकदर्शक भएको जस्तो देखियो । अभियान जिम्मेवार बन्ने संस्थागत आधार बन्न सकेन । जोखिम आज पनि उस्तै छ । संसारभर सामुदायिक बैंकका रूपमा विकास भएको बचत तथा ऋण सहकारी नेपालमा शंकाको घेरामा उभिन बाध्य भयो । राज्य वा निजी क्षेत्रको विकल्प नभई परिपूरकका रूपमा विकास गर्नुपर्ने सहकारीलाई सरकारले सही नीति दिन सकेन । जुन गतिमा संस्थागत विकास हुनु पर्ने हो, त्यो हुन सकेन । वित्तीय क्षेत्रको सेवा प्रवाहको अपेक्षित संस्थागत विकास हुन नसक्दा सहकारीहरू कमजोर भएको भान हुन गयो । जुन विषय आज पनि सरोकारवालाहरूको प्राथमिकतामा परेको छैन ।

**रुढिवादी नियामक :** नेपालले बचत तथा ऋण सहकारीहरूको नियामकीय सोच खुल्ला र सहकारी मैत्री कहिल्यै पाउन सकिएन । वित्तीय सहकारीहरूको हकमा त परम्परागत बैंकिङका विद्धानहरूको बासी ज्ञानको विरासतको शिकार बन्न बाध्य भयो । प्रजातन्त्रपछिको खुल्ला समाजमा पनि सहकारीको व्यावसायिक संकुचनको वकालत र संरक्षण नियामकको जिम्मेवारी भयो । जनताका लागि जनताबाट विकास गरिएको र योगदान भएको सहकारी संस्था सामुहिक सोचमा चलेको कतिपयलाई पनि राम्रो लागेन । वित्तीय क्षेत्रको नियामक केन्द्रीय बैंक सहकारीको संरक्षक बन्न कहिल्यै सकेन । जहिले पनि सहकारीलाई सौतेनी व्यवहारको प्रवर्द्धन गरेर बौद्धिक विलासितामा समय बितायो । राज्यको जिम्मेवार निकायले दशकौंसम्म नियमन गर्न नसकिने तर्क गर्दै कानून नभएको बहानामा समय बितायो । वित्तीय सहकारीलाई क्षमताका आधारमा विकास गर्न नदिएर सधैं नियामकीय दोधारमा राखियो । स्वनियमनलाई भाषणको विषय बनाइए पनि नियामकबाट कहिल्यै स्वीकार गरिएन । स्वनियमनका आधारमा गरिएको विकासलाई सहकारी सिद्धान्तभन्दा बाहिरको व्यवहारका रूपमा परिभाषित गरियो । सहकारीको व्यवसायिक ढाँचाको आन्तरिकीकरण हुन सकेन । सहकारीको स्वयत्ततालाई उपहासको विषय बनाइयो । नियामकको मुखबाटमा कुनै पनि दिन सहकारीको राम्रो कुरा सुन्न पाइएन । नियमनको क्षेत्रमा व्यक्तिगतरूपमा भएका प्रयासहरूले संस्थागत स्वरूप पाउन सकेन । वित्तीय क्षेत्रको नेपाल सरकारको सल्लाहकार अनवरतरूपमा सहकारीप्रति अनुदार रहिरहनाले नाफामूलक ढाँचाहरूको संरक्षण र गैरनाफामूलक ढाँचाहरूले तिरस्कारको व्यवहारको सामना गर्नु परेको इतिहास बन्यो । विश्वभरका सहकारीका असल अभ्यास आन्तरिकीकरण हुन सकेन र बचत तथा ऋण सहकारी अभियान आजको अवस्थामा आयो । आज एउटा बचत तथा ऋणको प्रारम्भिक सहकारीले तिरेको करभन्दा कम स्रोत सहकारी मन्त्रालयमा विनियोजन भएको अवस्था छ । करको दर निरन्तर बढेको छ । सहकारी ऐनमा नै लेखेको करको दर कार्यान्वयन गर्न पनि सरकार तयार छैन । सरकारले सहकारीलाई निजी वा गैरसरकारी संस्थालाई हेर्ने आँखाबाट हेरेर व्यवस्थापन गर्न खोजेको छ, जुन सोच नै रुढीग्रस्त एवं परम्परागत छ । कानूनको भण्डार छ तर कार्यान्वयन शून्य प्राय: छ । नियामकको संख्या असंख्य नै भन्दा हुन्छ तर प्रभावकारिता शंकाको घेरामा छ । समयमा नै सोचिएन भने सहकारी क्षेत्रको संरक्षण कठिन बन्न सक्छ । त्यसैले आजको पहिलो आवश्यकता भनेको रूपान्तरणकारी नियामक नै हो । सरकारविना सहकारीले एक्लै विकास गर्न सक्दैन । यसका लागि अभियान मैत्री सरकार आजको आवश्यकता हो ।

**स्वच्छन्द अभियान :** सहकारी सिद्धान्त, मूल्य, मान्यता र आर्दश बचत ऋणका सबै अभियानकर्मीहरूले आत्मसाथ गर्न सकेनन् । वित्तीय क्षेत्रमा आउन सक्ने जोखिमलाई नजरअन्दाज गरेर नाफाकेन्द्रित व्यवहार यस अभियानमा देखियो । सञ्चालनमा स्वनियमन कमजोर भयो । आपसमा मिलेर संघमार्फतको नियमन पनि हुन सकेन । स्वनियमनलाई स्वच्छन्दताका रूपमा बुझियो र व्यवहार गरियो । व्यक्ति वा समूहलाई मनमा लागेको निर्णय गर्ने विषयमा स्वनियमन हुन पुग्नु दुर्भाग्यपूर्ण रह्यो । बचत तथा ऋण सहकारी अभियानको आकार बढ्दै जाँदा जोखिम बढ्यो । सदस्यहरूको नियन्त्रण कमजोर हुन पुग्यो । नियामक निकाय मूकदर्शक भएर बस्यो वा गरेको अनुगमनले पनि स्वच्छन्दता बढायो । सहकारीमा सबै विषयमा स्वनियमन प्रभावकारिताको विषय भए पनि तालिम शिक्षामा मात्र कार्यान्वयन भयो र औपचारिक वा अनौपचारिक क्षेत्रका कमजोरीहरूलाई अवसरका रूपमा उपयोग गरियो । नियन्त्रण हुन सकेन । साधारण सभा प्रभावकारी हुन सकेन । साधारण सभालाई सदस्यको सभाभन्दा नियामकको औपचारिकताका रूपमा विकास गरियो । लेखा सुपरीवेक्षण समिति आन्तरिक लेखा परीक्षणमा भन्दा पनि भागबण्डामा आधारित हुन पुग्यो । बचत तथा ऋण सहकारीको सम्बन्धमा ऐनमा कल्पना गरिएको संरचना नै प्रभावकारी नभई स्वनियमनका नाममा स्वच्छन्द हुन पुग्यो । अभियानमा भएको स्रोतमा पनि केन्द्रीकृत परिचालनले जोखिम हुनाले बजारमा समस्या आऊँदा संस्थाहरू कमजोर भए । त्यसको असर सदस्यहरूको बचत जोखिममा पर्न गयो र अभियानको छवि धुमिल हुन गयो । सहकारीमा कार्यान्वयन हुनुपर्ने स्तरीय स्वनियमन र कानून परिपालनामा हामी जिम्मेवार बन्नै पर्छ । सहकारीहरू जनताका स्रोत परिचालन गर्ने संस्था भएकाले यसमा वित्तीय अनुशासन कडा हुन आवश्यक छ ।

**अभियानको सक्षमता :** सहकारी क्षेत्रले वास्तविक तथ्याङ्क बनाउन र पाउन सकिने छ । यसको जिम्मा कसैले लिएन । राज्य संघीय संरचनामा जानुअघिका डाटाहरूका आधारमा काम गर्नु परिरहेको छ । आज बचत तथा ऋण सहकारी अभियानमा देशको कुल बचतको २० प्रतिशतको हाराहारीमा बचत पुगेको अनुमान छ । खण्डीकृत डाटाहरूलाई समष्टिगतरूपमा हेर्दा बचत तथा ऋण सहकारी अभियानमा ६० लाखको हाराहारीमा सदस्यहरू आवद्ध भएको पाइन्छ । अभियानको कुल जगेडाको कोष मात्र हेर्दा पनि दुईवटा वाणिज्य बैंकलाई आवश्यक पर्ने पुँजीभन्दा अधीक रहेको छ ।

सहकारी ऐनले नयाँ विकास गरेका अवयवहरूले अभियानको संस्थाहरूलाई प्रतिस्पर्धीका रूपमा व्यवहार गर्न आवश्यक छैन । अभियान सरकारको प्रतिस्पर्धी होइन, परिपूरक हो र यो निरन्तर रहिरहने छ । आजसम्म यस अभियानले गरेको योगदानको अवमूल्यन गरेर नियमन वा कारवाहीले मात्र सदस्यहरूको बचत सुरक्षित हुन सक्दैन । बचत तथा ऋण ऋण सहकारी अभियानको विकासमा सरकारको भन्दा जनताको योगदान बढी छ । नवगठित संस्थाहरूको ध्यान सहकारी संरक्षणमा जान आवश्यक छ । अभियान सहयोग गर्न तयार छ । यसका लागि अभियानलाई राज्यले पनि सही पहिचान दिन आवश्यक छ । साँघुरो घेराबाट सहकारीको वृहत लक्ष्य पूरा हुन सक्दैन र बचत तथा ऋण सहकारीहरू नरहने हो भने नियामक पनि रहदैन । नियामक र अभियानको लक्ष्य सक्षम र सुरक्षित बचत तथा ऋण सहकारी अभियान हुन आवश्यक छ । बचत तथा ऋण सहकारी अभियान बचाउने अवको बाटो भनेको सहकारी सिद्धान्त र वित्तीय अनुशासन स्वनियमनमार्फत कार्यान्वयन नै हो । आजको स्तरसम्म विकास भएको बचत तथा ऋण सहकारी अभियान अझ सुदृढ बनाउन अभियान एक ठाउँमा आउन आवश्यक छ । यसका लागि अभियानको पहिचान र जिम्मेवारी तोकिनु पर्दछ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काममा एकाग्रता बढ्नेछ। आकस्मिक रूपमा फाइदा हुने सम्भावना छ। | **तुला** : आँटेको कार्य पुरा होला । राजनीतिक कार्यमा सफलता मिल्नेछ । |
| **वृष** : शुभारम्भको चर्चा चल्नेछ । अतिथिको रूपमा सत्कार पाइएला । | **वृश्चिक** : नयाँ विचार र योजनाको जन्म हुनेछ। गोप्य कुरामा सतर्क रहनुहोस्। |
| **मिथुन** : सानो यात्राको योग बन्न सक्छ। मानसिक रूपमा फुर्तिलो महसुस गर्नुहुनेछ। | **धनु** :मानसिक चञ्चलपनले पेशागत हानी हुनेछ, तर आफन्तले साथ भने दिनेछन् । |
| **कर्कट** : परिवारबाट सहयोग मिल्नेछ। कामकाज स्थिर रूपमा अघि बढ्नेछ। | **मकर** : शुभ समाचार सुन्न पाइएला। ब्यापार व्यवसायबाट आम्दानी हुनेछ । |
| **सिंह** : समाजमा मान-सम्मान बढ्नेछ। आर्थिक पक्ष सबल हुने संकेत छ। | **कुम्भ** : आफन्तको सहयोग प्राप्त हुनेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** : चिताएको कामले तीव्रता लिनेछ। साथीभाइबाट हौसला प्राप्त हुनेछ । | **मीन** : काम सफलतापूर्वक पूरा हुनेछ। साना निर्णय गर्दा सावधानी राख्नुहोला। |

# बाल बाटिका

नाटक ● कमल रिजाल

## बालनाटक : रावणको मूर्खता



*स्थान कुनै सामुदायिक विद्यालय*
*समय- अपराह्न तीन बजे*
***पात्रहरू-***
***महादेव-*** *कैलाशवासी भगवान् शिव*
***पार्वती-*** *महादेवकी अर्धाङ्गिनी*
***कुवेर-*** *अलकापुरी निवासी महादेवका भक्त*
***रावण-*** *महादेवका अर्का भक्त*
***वृद्ध सन्यासी-*** *भगवान् विष्णु*

मञ्चमा कैलाश पर्वत, महादेव, पार्वती, गणेश, कुमार र तिनका बाहनहरू देखा पर्छन् । साथमा महादेवका गणहरू नन्दी, भृङ्गि आदिसमेत उपस्थित छन् । पार्वती- 'महादेव' आज हजुरसँग केही माग्ने विचार गरेकी छु । अहिलेसम्म केही मागेकी छैन । नाइनास्ति त गर्नु होला है ।! महादेव- 'भनन प्रिये' के कुरा हो । तिमीले माग्दा पनि नदिने भन्ने हुन्छ र ? माग्छ्यौ भने ज्यानै हाजिर छ ।! पार्वती- 'होइन महादेव' हजुरको ज्यान माग्दिन । सँधै चिसो कैलाश पर्वतमा कति बस्ने । न्यानो स्थानमा सानो घर बनाइदिनु भए यसो मन बहलाउन हुन्थ्यो ।! महादेव- 'कहाँ जानु त खोइ ? हाम्रो निवास यही हो । मलाई त यही ठीक छ । यसै पनि आफूसँग जे छ त्यसैमा सन्तुष्ट हुनुपर्छ । अर्काको देखेर पछि लाग्दा दु:ख मात्रै पाइन्छ ।! पार्वती- 'तपाईंलाई ठीक लागेर हुन्छ ? मलाई पनि लाग्नु पर्दैन ?! महादेव- 'त्यो त हो तर भन्ने पो कसलाई ।! पार्वती- 'कुवेरजी तपाईंकै भक्त होइनन् र ?! महादेव- 'हुन त हुन् । यति सानो कुरा के भन्ने । वचन फालेपछि पनि सकिन्न भनिदिए भने त मरेकी जुनी हुन्छ ।! पार्वती- 'भन्दैनन्, त्यत्रा धनीले एउटा जाबो घर बनाउन पनि सक्दिन भन्छन् ।! महादेव- 'तैपनि ।! पार्वती- 'के तैपनि नि ? भनेर त हेर्नुस् ।! महादेव- 'ठीकै छ, त्यसै भन्छ्यौ भने मेरो के लाग्छ र ।! यति भनेर महादेवले कुवेरलाई बोलाए । कुवेरले आउनासाथ बोलाउनुको कारण सोधे । महादेवले आशय व्यक्त गरे । आशय व्यक्त गर्न मात्र बेर थियो काम तामेल हुन बेर लागेन । कुवेरले तत्कालै समुद्रको बीचमा सुनैसुनको सुन्दर महल बनाउन लगाएर महादेव पार्वतीलाई समर्पण गरे । महादेव- 'तिमीले भने बमोजिमको महल त बन्यो तर....।! पार्वती- 'के तर महादेव' अझै केही बाँकी छ र ?! महादेव- 'भएर नै भनेको हुँ ।! पार्वती- के काम हो भन्नुस् न ।! महादेव- 'यही कि नयाँ घर बनाएपछि वास्तु शान्ति गर्नुपर्छ भन्छन् ।! पार्वती- 'कुन ठूलो कुरा

*पार्वती- 'होइन महादेव' हजुरको ज्यान माग्दिन । सँधै चिसो कैलाश पर्वतमा कति बस्ने । न्यानो स्थानमा सानो घर बनाइदिनु भए यसो मन बहलाउन हुन्थ्यो ।! महादेव- 'कहाँ जानु त खोइ ? हाम्रो निवास यही हो । मलाई त यही ठीक छ । यसै पनि आफूसँग जे छ त्यसैमा सन्तुष्ट हुनुपर्छ । अर्काको देखेर पछि लाग्दा दु:ख मात्रै पाइन्छ ।! पार्वती- 'तपाईंलाई ठीक लागेर हुन्छ ? मलाई पनि लाग्नु पर्दैन ?! महादेव- 'त्यो त हो तर भन्ने पो कसलाई ।! पार्वती- 'कुवेरजी तपाईंकै भक्त होइनन् र ?! महादेव- 'हुन त हुन् । यति सानो कुरा के भन्ने ।*

भयो र गराउनुस्न त ।! महादेव- 'कसलाई भन्ने होला भनेको नि ।! पार्वती- 'रावण पनि तपाईंकै भक्त होइनन् र ?! महादेव- 'वास्तु शान्तिसित उनको के सम्बन्घ छ र ?! पार्वती- ' छ नि, उनी ठूला वास्तुविद् हुन् ।! महादेव- 'ए हो ? त्यसो भए उनैलाई भन्नुपर्ला ।! यति भनेर महादेवले रावणलाई बोलाएर वास्तु शान्ति गर्न लगाए । रावणको काम देखेर खुसी भएका महादेवले वरदान माग्न भने । रावण यस्तै मौकाको प्रतीक्षामा थियो । उसले त्यही सुनको महल माग्यो । भोले बाबा न हुन् किन पछि पर्थे र । त्यसो हो भने त्यही सही भन्दै महल उसैलाई सुम्पिदिए । त्यसपछि रावण सोच्न लाग्यो- 'यी बुढाले महल त दिए अव यिनकी पार्वती पनि फुत्काउन पाए कति मज्जा हुन्थ्यो ।! रावण सोचमा परेको देखेर महादेवले सोधे- 'वत्स' टोलाउन लाग्यौ नि के भयो ?! रावण- 'महल त दिनु भो तर...।! महादेव- 'तर ? थप चाहिने भए त्यो पनि भन्न सक्छौ ।! रावण- 'महल मात्र पाएर के गरौं प्रभु'! महादेव- 'भनन त थप के चाहियो ?! रावण- 'यी पार्वतीलाई पनि दिनुभए लाँदा हुँ ।! त्यसपछि महादेवले आवश्यकता छ भने त्यो पनि पाउने छौ भन्दै पार्वतीलाई उनकै जिम्मा लगाए । स्वीकृति पाउनु के थियो रावण पार्वतीलाई बोकेर हिँड्यो । अब माता पार्वतीलाई आपद् पऱ्यो । उनले तत्कालै भगवान् विष्णुको सम्झना गरिन् । भगवान् विष्णु न हुन् तत्कालै वृद्ध सन्यासीको रूप लिएर रावणको अगाडि उभिन पुगे । सन्यासीले बाटो छेकेको रावणलाई मन परेन र रिसाउँदै भन्यो- 'बाटो छाड सन्यासी' नत्र ।! सन्यासी- 'बाटो त छाडौँला नै राक्षसराज' तर पहिले यो त बताउनुस् कि यी नानीलाई कहाँबाट टिपेर ल्याउनु भो ?! रावण- 'कैलाश पर्वतबाट पार्वतीलाई लिएर आएको. हुँ । महादेवले दिएका ।! सन्यासी- 'लौ बरबाद भो ।! रावण- 'बरबाद भो ? किन र ?! सन्यासी- 'के भएन भन्नुस् न । महादेवले त्यति ठूलो छल गरेको पनि थाहा पाउनु भएन ? यी नानी सक्कली पार्वती होइनन् । तपाईंलाई झुक्याएर नक्कली पार्वती दिएर पठाएछन् बुढाले ।! रावण- 'हो र ?! सन्यासी- हो त नि ? नपत्याए पछाडि फर्केर हेर्नुस् न ।! रावणले पछाडि फर्केर हेऱ्यो । पार्वतीले त्यति नै बेला शरीरबाट दुर्गन्ध छाडिदिइन् । त्यसपछि रावण पार्वतीलाई त्यहीं छाडी रन्थनिँदै आफ्नो लोकतिर लाग्यो । यत्तिकैमा स्कूलको समय सकिएकाले विद्यार्थीहरू घरतिर लागे ।

*-रातोपाटी डटकम*

कथा ● ● योगेश भण्डारी

## वर्क स्ट्रेस

जेकोब ८:५३ ए एम हे म्यान व्हाट्स गोइङ् विथ द माउन्ट साएनाए प्रोजेक्ट ? ट्रोए रिपोर्टेड सम इस्यु विथ टेस्ट डक्स ? ८:५३ ए एम नट मच जेक, क्लिन्ड अप द डक्स लेट लास्ट नाईट, टेस्टेर्स मस्ट बि अन इट राईट नाउ । १२:४९ पि. एम. मा सेभ गरेको एक्सेल फायलमा मास पोइन्टर घुमाउँदै मैले सोचें- हिजो रात पनि १:०० बजेको थियो सुत्दा । यस्तै भाको १४-१५ महिना भइसक्यो । ११:०० बजे भन्दा अगाडि, पछिल्लो पटक कहिले सुतेको नि याद छैन । भर्खर आज बुधवार बिहान भयो । हत्तेरी अझै ३ दिन पूरै बाँकी छ वीकेन्ड आउन । पछिल्लो शुक्रवार कतिखेर आयो कतिखेर सोमबार आयो अत्तोपत्तो छैन । पछिल्लो शनिवार रमन दाइको घरमा २ क्यान हेजी आई पि ए लगालग खाँदा एक छिन त झ्याप्पै लागेको थियो । खै, धेरै समयपछि खाको भएर हो कि ? लागर भन्दा चैं आई पि ए ठीक हुँदो रैछ । सानी जन्मेपछि त पिउन नि एकदम कम भाको छ । बिहान अफिस आउने बित्तिकै भरेको थर्मस कपमा भको फ्रेन्च रोस्ट कफी सम्झें । एक घुट्को लिएर सोचें यो कफी पनि त आई पि ए जस्तै हो, शुरूशुरूमा स्वाद मीठो लाग्दैन, बिस्तारै जिब्रोले त्यही स्वाद खोज्छ । यो कफी नहुँदो हो त कसरी पो जिन्दगी चल्थ्यो होला ? नेपालमा हुँदा त यस्तो कफी खाको त हलिबूड फिल्ममा मात्र देखिन्थ्यो । नेपालमा त कफीको नाममा त्यही दूध चियामा नेस्क्याफे छर्केको भर्सन देख्या थिएँ, त्यो नि रेगुलर चिया भन्दा महँगो, कफी त लक्सरीको आइटम हुन्थ्यो । यु एस बसेको १६ वर्ष भइसक्यो कति नेपालको तुलना गर्नु हो ? अबको ५ वर्षमा भने बसाइँ नेपालभन्दा बढी युएस हुने रहेछ । यो टु डु लिस्ट नि जति हेर्यो त्यति लामो हुन्छ कि के हो ? सोमबार बिहान ४ वटा आइटम थिए, आज ५ वटा छन्, २ दिनमा एउटा नि काम सकिएन छ ? हिजो दिनभरी मैले के पो गरेछु त ? सम्झिन खोजें । तर केही याद नै आउँदैन । ४-५ कप कफी र निद्रा नपुगेर यो दिमाग सिधा सोच्न नसक्ने भइसक्यो । एकचोटी रेस्टरूम गएर आइहाल्छु अनि काम शुरू गर्नु पर्छ । आफ्नो डेस्कबाट बाथरूम सम्म जाने वाकवेमा डेन्निस र सुब्रतोलाई हात हल्लएर अभिवादन गरें ।

बाथरूममा हात धोएर यसो ऐनातिर नजर गयो, ग्रे पोलो टी-सर्टको दाहिने कलर खुम्चेको देखें । हल्का तानेर सिधा बनाउन खोजें सिधा भएन । यो सर्ट पहिले नै इस्त्री गरेर राख्नुपर्ने, जहिले बिर्सिन्छु । आफ्नो अनुहारतिर आँखा गयो, दारी पनि अलि लामो लामो लाग्यो । गाला छाम्दै सोचें - यहाँ दारी कट्न भ्याएको छैन इस्त्री कहिले लगाउनु ? निनाले भनिरहन्छे, "सधैं दारी काट के, नत्र कस्तो फोहोरी देखिन्छ ।" हिजो राती नि सुत्ने बेला यसै ढिलो भइसक्या थियो । बिहान उठेर काट्छु भनेर सुतेको, बिहान ७:३० को इन्डिया टिमसँगको मिटिङ त भुसुक्कै बिर्सेछु । सधैं फोनमै आँखा हुन्छ । क्यालेन्डर हेरेर सुत्नुपर्ने । बिहान छोरोलाई स्टपमा ड्रप गरेर घर आउँदा सानी उठी सक्याथी । उसलाई सिरिएल खुवाएर निनालाई उठाउँदा ७:२५ नै भै सक्या थियो । मिटिङ जोइन गर्नै ५ मिनेट ढिला भो । काँ को दारी काट्नु ? यो फोनमा नि कति टाईम बित्छ भने । दिन रात फोन मै हुन्छु, चाहिने कुरा चाहिँ केही गर्ने हैन । आफ्नो बानी नै खराब छ । ठीकै छ, यो हप्ताको टु डु लिस्ट सक्छु । पहिला जस्तो ढिले चाहिँ गर्दिन । बरु, फ्याक्ट्रीको सपोर्ट रिक्वेस्ट के के रैछ हेरूँ । ड्याम् ! आजै ५ वटा सपोर्ट टिकट आउनु परेको ? हेर्छु जस्टिनले हेल्प गर्छ कि ? मोरो आजै आएन छ फेरि । नयाँ देशी इन्जिनियर आको छ त्यसले राम्रो काम गऱ्यो भने मेरो जागीर खतरामा पर्न सक्छ । अहिलेको जब मार्केट मेस्ड्अप छ भन्छन् । आफ्नो काम त गरेर देखाउनै पऱ्यो नि । २:४५ पि. एम. ओहो २:४५ भइसके छ । आज पनि उस्तै । एउटा काम नै सकिएन, थाकिसकें । अहिलेसम्म जेकले कराएको छैन । ठीक छ एकछिन रेस्ट गर्छु । फोन हेरेको छैन एकछिन फोन हेर्नु पऱ्यो । नेपालका साथीहरू नि खूब घुमघाम गर्छन् आजकाल । यताका मान्छेहरूको त के कुरा गर्नु । हरेक महिना घुम्न गएको देख्छु । हुन त हामी पनि २ महिना अगाडि न्यूयोर्क गएकै हो । ओहो ! ३:२५ भइसक्यो ? हत्तेरी ४:१० मा छोरोको बस आउँछ, अहिले फर्किने समयमा यति धेरै गाडी हुन्छ, कसरी भ्याउनु ? हतार हतार ल्याप्टप बन्द गरेर पानीको बोटल ब्यागको दाहिनेतिर घुसारेर, कफी कप हातमै बोकेर अफिस बहिर कुदें । गूगल म्यापले ४:१५ मा घर पुग्ने सूचना दिन्छ । निनालाई कल गरेर ठुलोलाई लिन जाऊ भन्न पऱ्यो । "हेल्लो, म अफिसबाट निस्किँदा हल्का ढिलो भाथ्यो, बाटोमा टन्नै ट्राफिक रैछ, केटालाई लिन जाऊ न है प्लिज ।" "...सनोलाई लिएर जानुपर्छ, अलिक अगाडि भन्नुपर्छ नि । काम मैले सकेकी छैन...जाडोमा त यस्तो गरेर हुन्न है ।" "...हुन्छ !" भनेर फोन काटें । के के सोच्दै थिएँ, अगाडिको गाडीले झ्याप्प ब्रेक लगायो । मैले ब्रेक हान्दाहान्दै गाडी गएर अगाडिको मिनी भ्यानमा ड्याम्मै लाग्यो। हरे ! के समस्या पऱ्यो फेरि । अगाडिको गाडीको मान्छेले ह्यजार्ड लाइट बालेर साइड लगायो । म पनि उसको पछि पछि ह्यजार्ड लाइट बालेर गाडी साइड लगाएँ । धन्न उसको गाडीको बम्परमा सानो स्क्र्याच लागेछ । आफ्नो गाडी हेरेको खासै नोक्सानी भाको देखिनँ । गाडीबाट एकजना ५५-६० वर्ष कि महिला म भन्दा पहिला नै उत्रेर आफ्नो गाडी र मेरो गाडीको फोटो खिचिसक्या थिइन् । उनलाई देख्ने बित्तिकै "आइ याम सो सारी" भनें । म मेरो गाडीको इन्सुरेन्सको कार्ड बोकेर गाको थिएँ । उसले फोन नम्बर मागी आफ्नो फोनबाट मलाई मिस कल गरी । आफ्नो नाम र इन्सुरेन्स कम्पनीको नाम दिएँ र कल गर्न भनें । उनले गाडी बनाउने ठाउँबाट रिपेयरको एस्टिमेट लिएर कल गर्छु भनिन् । "मे आई नो योर नेम ?" "डेब्बी !" उनले भनिन् । मैले फेरि "आई याम सो सरी, डेब्बी !" भनेर २-४ वटा फोटो खिचेर गाडीभित्र आएर बसैँ । हातखुट्टा अलिअलि कामेको महसूस गरेँ । धन्न ठुलो ड्यामेज भएन, भनेर सोचें । अगाडिको गाडी बिस्तारै अघि बढ्यो । ३० सेकेन्ड जति कुरैं अनि म पनि बिस्तारै घरतिर लागैं । घर पुगेर यसो इमेल चेक गरेको, म्यानेजरको इमेल आको रैछ । अर्को प्रोजेक्टको कस्टमरले सिस्टम ड्रविङ्गमा के गल्ती भेट्यो रे, छिटो अपडेट गरेर पठा भनेर लेखेको रैछ । हेरें, फेरि अर्को काम थपियो । ९:३० पि. एम. देब्रे हातमा हल्का भाइब्रेसन महसूस गरें, आँखा मिच्दै हेरेको, हातको घडीमा राखेको ९:३० पि एम को अलार्म बजेको रैछ । ठुलोलाई सुताउन गको आफै निदाएछु । यस्तै हुन्छ भनेर ९:३० को अलार्म लगाको । दुई मिनेट फोन हेर्छु अनि काम गर्न जान्छु...होस् १ घण्टा त निदाएर बित्यो, आज त छिटो सुत्छु काम सकेर । निना नि सानीलाई सुताउन गई जस्तो छ । फोन निकालेर टेक्स्ट गरें, म तल अफिसमा छु है, अलिकति काम सक्नु छ । उताबाट रिप्लाई आयो..."ओके" । ड्रविङ्गमा के बिग्रेको रैछ हेरूँ भन्दा भन्दाई ११:०० बजेछ । त्यसलाई नि टु डु लिस्ट मा हालें । अब त लिस्टमा ६ वटा आइटम देखें । झनै दिक्क लाग्यो । निद्रा, थकाइ र निराशाले खिस्रिक्क परें । ह्या, वीक डे नै होस एउटा बियर खाइदिन्छु । जोस्सेर फ्रिजतिर लागें । किचन काउन्टरमा हिजो ल्याको औषधीको पेपर देखें । डु नट मिक्स विथ अल्कोहोल् ! आफ्नो दायाँ तिरको क्याबिनेटको सीसाबाट लगभग आधा भरिएको निलो सेतो लेक्साप्रो (lexapro), एन्टी एन्जाईटी पिल् ले मलाई नै हेरेको जस्तो लाग्यो । होस खान्न, भनेर पछाडि फर्कें र टेबलको अर्को कुनाको कफी मसिनमा गएर एक कप कफी ब्रु गरें ।आज नि सुत्न १: ०० बज्ने नै भो ! ...इन्डिङ (अप्सन १) बिहान उठ्दा एक प्रकारको अनौठो शान्ति थियो मनमा । आज काम जानु पर्दैन, घडी हेरें, ६:१५ ए एम, ५ मिनेटमा ठुलोलाई उठाउँछु । अनि लन्च प्याक गरेर स्टपतिर जान्छु । छोरोलाई बसमा चढाएर हिंड्दै घरतिर लाग्दा हल्का घाम मुखमा पऱ्यो, न्यानो लाग्यो । घर आउँदा ७:१० भयो, कफी ब्रु गरेर टेबलमा रखेर फोन निकालेर कुर्सीमा बसैं । एक सिप कफीको साथमा फेसबुक खोलें, बाले घर नजिकको मन्दिरको फोटो रख्नुभाको रैछ । ओहो यो मन्दिर त मैले नदेखेको कति पो भइसक्या रैछ । अझै उस्तै रैछ । बिहान छोरोलाई लन्चमा ग्रील चीज स्याण्डविच बनाउँदा आफूलाई नि २ पिस बनाएर राखेको थिएँ यसो छामेको तातो नै लाग्यो ।

एक टुक्रा टोकेर प्लेटमा रखें । निनाले ब्रेकफास्ट खान्न, अब लन्च अलिक छिटो बनाउनु पर्ला भनेर सोचैं । त्यही बेल फोनमा मेसेज को नोटिफिकेसन देखैं । "डेब्बी हियार, द स्काच वास नट टु ब्याड्, आई फाउन्ड अ सप हु क्यान फिक्स इट इन २०० बक्स !" मैले लेखैं, "द्याट्स असम् !, प्लिज गेट इट फिक्सड एन्ड सेण्ड मि द इनभोईस । सो सारी फोर अल द ट्र्बल्स ।" "विल डु, थ्यान्कस ।" ल, यो पनि, सस्तै मा टर्यो । २ हप्ताभन्दा बढी लगाई यति गर्न पनि । हुन त यो घटना न भाको भए म यसरी कहाँ बस्न पाउँथे र ? जेकलाई २ हृता को नोटिस दिनुअघि झन्डै बेहोस हुन लागेको थिएँ । अहिले त, हजार गुना कम स्ट्रेस छ । धन्न प्रभु, अनि डेब्बीलाई नि धन्यवाद ! सानी उठिछ । निना बाथरूममा रैछ । मलाई देखेर छोरीले बाबा भनेर दङ्ग परी । गूड्मर्निङ कान्छी भनेर उसलाई बोकें । मनमा अर्को खुशी सञ्चार भयो । ...होस्, अब ६ महिना छोरीलाई नै हेरेर बस्छु,' १२ वर्ष अनवरत काम गरेर थाकेको मनलाई सम्झाएँ । इन्डिङ (अप्सन २) लामो सुस्केरा हालेर, टु डु लिस्टमा मा ८ वटा आइटम भएछ लौ न । जति काम गर्दा सकिन्न बरु थपिंदै जान्छ । म्यानेजरले मार्ने भो अब । ह्या एक छिन फोन हेर्छु... ...कान्ट अफ्फोर्ड टु लुज दिस जब । नीड टु पे माई बिल्स...छोरो लिन जान ढिलो भो...निद्रा पुगेन...आदि आदि ।

*-साहित्यपोस्ट डटकम*

मुक्तिदाता प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नव वर्ष सन् २०२६ को उपलक्ष्यमा सम्पूर्ण देश विदेशमा रहनुभएका शुभचिन्तकहरुमा सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्दछौं । साथै परमेश्वरबाट सबैलाई आशिष् प्रदान होस् भनि कामना गर्दछौं ।

**तानसेन स्कूल अफ हेल्थ साइन्स**
तानसेन, पाल्पा

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

*दोश्रो पटक प्रकाशित मिति २०८२/०९/१०*

**साविक ऋषिकेश मिडिया प्रा.लि.** (द.नं.१३१७८०)को मिति २०८२/०७/२७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय पश्चात् कम्पनीको नाममा रहेको सम्पुर्ण सम्पत्ति तथा दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने, ब्यहोर्ने शर्तमा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०८/१९ को निर्णयानुसार साविक कम्पनीबाट **मोती मिडिया प्रा.लि.** कायम हुने गरी नाम परिवर्तन भएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मनको आवाज..........

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

मुक्तिदाता प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नव वर्ष सन् २०२६ को उपलक्ष्यमा सम्पूर्ण देश विदेशमा रहनुभएका शुभचिन्तकहरुमा सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।

राज थापा
पास्टर

**महिमा चर्च परिवार**
तानसेन, आपटाँरी पाल्पा

मुक्तिदाता प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नव वर्ष सन् २०२६ को उपलक्ष्यमा सम्पूर्ण देश विदेशमा रहनुभएका शुभचिन्तकहरुमा सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।

डिल बहादुर थापा
पास्टर एवं

**हेब्रोन चर्च परिवार**

प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नयाँ वर्ष सन् २०२६ को उपलक्ष्यमा सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति र समृद्धिको लागि प्रार्थना एवं हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

रेभ. पाष्टर
भिम कपडेल
एवं

**ख्रीष्टय आराधना केन्द्र (एसम्बलीज अफ गड) चर्च परिवार**
तानसेन-५ कैलासनगर, पाल्पा

मुक्तिदाता प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नव वर्ष सन् २०२६ को उपलक्ष्यमा सम्पूर्ण देश विदेशमा रहनुभएका शुभचिन्तकहरुमा सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।

एनिस जोसेफ प्रिन्सिपल एवं सागरमान महर्जन अध्यक्ष

**सेन्ट कपितानियो स्कुल परिवार**
तानसेन, पाल्पा

प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नयाँ वर्ष सन् २०२६ को उपलक्ष्यमा सम्पूर्ण महानुभावहरुमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं । साथै परमेश्वरबाट सबैलाई आशिष् प्रदान होस् भनि कामना गर्दछौं ।

डा. रचेल कारख
अस्पताल निर्देशक
एवं

**युनाइटेड मिसन अस्पताल तानसेन परिवार**

मुक्तिदाता प्रभु येशू ख्रीष्टको जन्मोत्सव तथा नव वर्ष सन् २०२६ को उपलक्ष्यमा सम्पूर्ण देश विदेशमा रहनुभएका शुभचिन्तकहरुमा सुख, शान्ति, समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।

बिक्रम वि.क एल्डर
मानबहादुर राना पास्टर

**गोशेन चर्च कमिटी परिवार**
तानसेन, कैलाशनगर पाल्पा

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई